ढकारी गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१

**प्रस्तावनाः** ढकारी गाउँपालिका क्षेत्र भित्रको नदी, पोखरी, तलैया, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर तथा जलीय जैविक विविधताको दिगो उपयोग गर्न, जलस्रोत र जलचरमा आश्रित समुदायबीचको आध्यात्मिक तथा साँस्कृतिक अन्तरसम्बन्ध र अन्तर निर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रवर्द्धन र व्यवस्थापन गरी नागरिकको आर्थिक हितको समेत संवर्द्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२६, अनुसूची ८ (९) को अधिकार बमोजिम ढकारी गाउँपालिकाको १४ औं गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "ढकारी गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१" रहेको छ ।(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

क. "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री विस्फोटक पदार्थ तथा महाजाल, करेन्ट जाल, भुपालीजाल, सुपेल जाल, ज्यानमारा जाल, तियारी, चौंदीजाल, सरेल बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालीबुज्ने, थुन्ने वा फर्काउने, सोली वा टिप थाप्ने,न्याय तथा ढाड हाल्ने, नदीको धार फर्काउने, घन हान्ने, र मेसिन वा अन्य उपकरणको प्रयोग समेत सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले ढकारी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

ग. "कार्यसमिति" भन्नाले यस ऐनको दफा २५बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समूहको दफा २९ बमोजिमको कार्यसमिति सम्झनु पर्छ ।

घ. "कोष" भन्नाले यस ऐनको दफा ३१ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहका कोष सम्झनु पर्छ ।

ङ."गाउँपालिका" भन्नाले ढकारी गाउँपालिका सम्झनु पर्छ ।

च. "जलचर" भन्नाले नदीनाला, खोला, गाड वा तलैया, पोखरी, प्राकृतिक वा कृत्रिम जलाशय, नहर, कुलो,मुल र तिनीहरूको स्रोत तथा मत्स्यपालनका लागि जडान भएको पिंजडा (केज) वा जलचर ह्याचरी भित्र बस्ने घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा, गंगटा, कछुवा,ओदर अन्य जलीय स्तनधारी जीव,तथा जलमा आश्रित पक्षी लगायत अन्य जलचर तथा जुनसुकै जीव सम्झनु पर्छ ।

(छ) "जलीय जीव" भन्नाले नदीनाला, खोला, गाड वा पोखरी, मत्स्यपालनका लागि जडान भएको पिंजडा (केज) वा जलचर ह्याचरी भित्र बस्ने घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा, कछुवा, ओदर अन्य जलीय स्तनधारी जीव, तथा जलीय वनस्पति, लगायत अन्य जलचर तथा जुनसुकै जीव सम्झनु पर्छ ।

(ज) "जलचर संकलन" भन्नाले जल भित्र बस्ने जुनसुकै जीव समाउने, पक्रने, मार्ने वा संकलन गर्ने कार्य सम्झनुपर्छ।

(झ) "जलीय जैविक विविधता" भन्नाले नदी, खोला, गाडर तालमा रहने जीवहरूको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीबीचको अन्तरसम्बन्धर प्राणी, वनस्पति तथा सूक्ष्म जीवाणुहरूमा पाइने विविधता र तिनीहरूको संयोजनलाई सम्झनु पर्छ र सो शब्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "दिगो उपयोग" भन्नाले जलचर, जलीय जैविक विविधता र जलीय जैविक विविधताका अवयवहरूको उपयोगबाट जलचर तथा जलीय जैविक विविधता र जलीय जैविक विविधताका अवयव दीर्घकालीन रूपमा नघट्ने तथा पूर्ववत् अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रूपमा सञ्चिति कायम गर्न सक्ने सीमाभित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ठ) "नदी" भन्नाले नदी, खोला,गाड, नाला, खहरे, नहर, कुलो, मूल र तिनीहरूको स्रोत तथा मत्स्यपालनका लागि जडान भएको पिंजडा (केज), जलचर ह्याचरी समेत सम्झनु पर्छ ।

(ड) "परिषद" भन्नाले दफा १७ बमोजिमको जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद् सम्झनु पर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ढकारी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(ण) "मत्स्य आवागमन मार्ग (फिस प्यासेज)" भन्नाले जलचरको आवागमनका लागि नदी वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(त)"मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाति जुन स्थान विशेष वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाति नभई, तीव्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वा गुणको कारणले आफनो प्राकृतिक विगत वाहालको बासस्थान भन्दा बाहिरको स्थान विशेष वा पारिस्थितिकीय प्रणालीमा स्थापित भई जैविक विविधता, वातावरण, आर्थिक क्रियाकलाप र मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाति सम्झनु पर्छ ।

(थ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र माछा तथा अन्य जलचरको बिक्री वितरण, पर्यापर्यटन जस्ता माध्यमबाट सामुदायिक जलचर संरक्षण समूहले आर्जन वा प्राप्त गरेको लाभको आफ्नो समूहका महिला, दलित, आदि वासीजन जाति तथा विपन्न सदस्यलाई समन्यायिक रूपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(द) "वडा" भन्नाले ढकारी गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ध) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(न)  "समिति" भन्नाले यस ऐनको दफा १५ बमोजिम गठन भएको जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन समिति सम्झनु पर्छ ।

(प)  "सभा" भन्नाले ढकारी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(फ)  "समूह" भन्नाले सामुदायिक नदीको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाड गर्न दफा २५ बमोजिम दर्ता भएको सामुदायिक जलचर संरक्षण समूह सम्झनु पर्छ ।

(ब) "सामुदायिक नदी" भन्नाले सामुहिक हितको लागि नदी, खोलावानालाको विकास, संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्तलाभको समन्यायिक बाँडफाँट गर्न दफा २५बमोजिम समुदायलाई ढकारी गाउँपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, खोलानाला सम्झनु पर्छ ।

(भ)  "संरक्षण क्षेत्र" भन्नाले कार्यपालिकाले दफा २० बमोजिम जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलचर वा जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, जलीय जैविक विविधताको बासस्थानको संरक्षण वा संकटापन्न प्रजातिहरूको जनसंख्या र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीयस्थल भएको गाउँपालिका भित्रको कुनै त्यस्तो नदी वा खोलाको सम्पूर्ण वा केही भाग वा कुनै पोखरी वा ताल,जसलाई कार्यपालिकाले जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र भनी तोकेको वा कायम गरेको क्षेत्र सम्झनु पर्छ ।

परिच्छेद २

जलचर संरक्षण सम्बन्धी व्यवस्था

३.जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुनेः (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले  नदी वा तालमा कुनै किसिमको विद्युतीय शक्ति, तरङ्ग वा धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले कर्णाली वा सेती नदीमा जालको प्रयोग गर्दा जालको आँखा (घर) को आकार (साइज) बाह्र दशमल वा दुई पाँच सेन्टिमिटर (एक सय पचिस मिलि मिटर) भन्दा ठूलो प्वाल प्वाल भएको र सात दशमल वा पाँच सेन्टि मिटर (पचहत्तर मिलिमिटर) वा सो

भन्दा सानो प्वाल भएको जाल, माहाजाल, करेण्ट जाल, भुपालजाल, सुपेल जाल, वा ज्यानमारा जाल प्रयोग गर्न हुँदैन ।

(३) कर्णाली र सेती नदीमा बाहेक चाइरा खोला, गुदुम गाड, शेरा खोला, धारा गाड, बाउले खोला, बर्सालीखोला, जुतीखोला, रिमारवाखोला, थारम खोला जस्ता कर्णाली वा सेती नदीका सहायक खोला र पोखरीमा जलचर समाउने वा मार्ने अभिप्रायले तिपको भाड निर्माण गर्दा तथा जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) दुई सेन्टिमिटर (बीस मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र तीन सेन्टिमिटर (तीस मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको तिपको भाड निर्माण,जाल, महाजाल तथा करेण्ट जाल,भुपालजाल, सुपेलजाल, ज्यानमारी जाल वा मच्छर झुल प्रयोग गर्न हुँदैन ।

(४) उपदफा (२) र (३) जुनसुकै कुरा लेखिएको भएता पनि कर्णाली र सेती नदी र यिनका सहायक खोलामा सरेल, चौथीं (चौंदी) वा तियारीजाल (गिल नेट) को प्रयोग गरी माछा समाउन वा मार्न हुँदैन ।

(५) गाउँपालिका क्षेत्रभित्रका कर्णाली वा सेती नदी र कर्णाली वा सेतीनदीका सहायकखोला र पोखरीमा माछा वा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा गाउँपालिकाभित्र परम्परागत रूपमा प्रयोग हुँदै आएको भुरेलीजाल रसट्टे जाल जस्ता जाल तथा उपदफा (२) र (३) उल्लेख भएको आँखाको आकार (साइज) भएको जाल मात्र प्रयोग गर्न सकिनेछ ।

(६) जलचर समाउनका लागि दुवाली बुज्ने, थुन्ने वा फर्काउने, सोला वाति पथाप्ने, ढाड हाल्ने, नदीको धार फर्काउने, घन हान्ने, जस्ता तरिका, माध्यम वा औजार प्रयोग गर्न तथा रात्रिको समयमा माछा वा जलचर समाउन, पक्रन वा मार्न हुँदैन।

४. पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः(१) कसैले पनि जलचर समात्न वा मार्नका लागि विषालु पदार्थ, विषादी, ब्याट्री वा दुई दशमलब पाँच सेन्टिमिटर (पचिस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठूलो आँखा (घर) को साइज भएको जाल, महाजाल र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाइने छैन ।

(२) गाउँपालिकाले गाउँपालिकाभित्रको कुनै निश्चितक्षेत्र, कुनै वा सबै वडालाई रासायनिक विषादी वा रासायनिक मलको प्रयोग निषेधित गरी रासायनिक विषादी वा रासायनिक मल प्रयोग मुक्तक्षेत्र घोषण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रासायनिक मल वा रासायनिक विषादी मुक्तक्षेत्र घोषणा गरेको क्षेत्र वा सबै वडामा जैविक मल वा जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गर्न अनुदान प्रदान गर्न सक्नेछ ।

५.मत्स्य आवागमन मार्ग, जलचर ह्याचरी  वातावरणीय बहाव सम्वन्धी व्यवस्थाः (१) विद्युत, खानेपानी, सिँचाइ वा अन्य कुनै प्रयोजनका लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाँधा पर्न नदीको लागि मत्स्य आवागमन मार्ग (फिस प्यासेज) निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मत्स्य आवगमन मार्ग निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रूपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्माण कार्य सुरु गर्नु अघि कार्यपालिकालाई लिखित रूपमा जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा कर्णाली वा सेती नदीको तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न वा हुन नदी सुख्खायाममा कर्णाली र सेती नदीको प्रवाहको कम्तीमा विस प्रतिशत न्यूनतम वातावरणीय बहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

(५) उपदफा (४) जुनसुकै कुरा लेखिएको भएता पनि चाइरा खोला, गुदुम गाड, शेरा खोला, धारा गाड, बसालीखोला, जुतीखोला, रवाखोला, थारम खोला जस्ता कर्णाली र सेती नदीका सहायक खोलामा बाँध निर्माण र सञ्चालन गर्दा कर्णाली वा सेती नदीका सहायक खोलाको तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न वा हुन नदिन सुख्खा याममा त्यस्ता सहायक खोलाको प्रवाहको कम्तीमा पच्चिस प्रतिशत न्यूनतम वातावरणीय बहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

६.	मत्स्य आवागमन मार्ग तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुनेः अधिकार प्राप्त व्यक्ति बाहेक अरू कसैले पनि जलचरको संरक्षणको लागि नदीमा राखिएका मत्स्य आवागमन मार्ग, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

७.नदी, खोला वा पोखरी प्रदूषित गराउन नपाइनेः (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम उत्पादन वा निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको दूषितपानी, फोहरबाट निस्केको दूषित पानी रसाएर(लिचेट) जान सक्ने गरी वा ढल नदी, खोला वा पोखरीमा चुहावट वा उत्सर्जन गरी नदी वा पोखरी प्रदूषित गर्न गराउन पाइने छैन ।

(२) गाउँपालिका भित्रको नदी वा तालबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, ओसार पसार वा विक्रि वितरण, निकासी पैठारी गर्न गाउँपालिकाबाट इजाजत प्राप्त संगठित संस्था वा निकायले उत्खनन् कार्य गर्दा नदीभित्रको माछा तथा अन्य जलचरहरूको बासस्थानको रुपमा उपयोग हुने ठुला ढुंगा, निकाल्न वा निकासी पैठारी गर्न तथा नदी वा खोलाको डम्म (रह) को आसपासको क्षेत्रमा कुनै किसिमको उत्खनन् कार्य गर्न पाइने छैन ।

८. पालेको आयातित वा मिचाहा प्रकृतिका वा प्रजातिका जलचर नदी वा तालमा निष्कास नगर्न प्रतिबन्धः (१) पोखरी, वा तालतलैयामा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित वा मिचाहा प्रकृतिका वा प्रजातिका अन्य जलचर नदी वा सार्वजनिक पोखरी, ताल, तलैया वा दहमा छाड्न वा निष्कासन गर्न पाइने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिँगे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर ल्याएर राख्नु, राखेको माछा, झिँगे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, जम्मा गरेको वा पालेको वा कुनै हिसाबले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ।

(२) कुनै निकाय, संघ संस्था वा व्यक्ति विशेषले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डिल जमिनको सतह माथि साधारण तया कम्तीमा पनि एक दशमलव पाँच मिटर अग्लो हुनु पर्नेछ ।

(३) स्थानीय वा अन्य मुलुकबाट आयातित मिचाहा प्रकृतिका वा प्रजातिका जलीय झार, बिरुवा, रुख लगायत जलीयजीव र अन्य वनस्पति नदी वा सार्वजनिक ताल, तलैया, पोखरी,वा दहमा छाड्न वा निष्कासन गर्न वा गराउन पाइने छैन ।

९. कार्यपालिकाले आदेश जारी गर्न सक्नेः (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमका आदेश जारी गर्न सक्नेछः-

(क) तोकिएका स्थान, याम, ऋतु, महिना, नदी वा तालमा कार्यपालिकाको अनुमति बिना कुनै पनि व्यक्ति, संगठित संस्था, गाउँपालिका वा निकायले जलचर समात्न, मार्न तथा चोट पुर्याउन वा जलीय वनस्पति र जलीय जैविक विविधतामा संकलन गर्न प्रतिबन्ध लगाउन,

(ख) जलचर र जलीय वनस्पतिको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुन सक्ने क्रियाकलापमा प्रतिबन्ध लगाउन,

(ग) कुनै नदीको आंशिक भाग वा कुनै क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न,

(घ) जलचरका रैथाने प्रजातिलाई सुरक्षण, संरक्षण, संवर्द्धन, विकास तथा वृद्धि गर्न निश्चित अवधिको लागि उपयोगमा प्रतिबन्ध लगाउने,

(ङ) कुनै खास प्रजाति वा महत्वका जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले संरक्षित जलीय जीव, जलीय वनस्पति वा जलचर भनी तोकेको संरक्षित जलीयजीव, वनस्पति, र जलचर समात्न, मार्न तथा चोट पुर्याउन वा क्षति हुन सक्ने कुनै पनि क्रियाकलाप गर्न निषेध हुनेछ ।

(३) कार्यपालिकाले उपदफा (१) बमोजिम दिएको आदेशको पालना गर्नु प्रत्येक व्यक्ति, समूह, निकाय लगायत गाउँपालिका र कानून कार्यान्वयन गर्ने निकायको समेत कर्तव्य हुनेछ।

१०. जलचर तथा जलीय जैविक विविधतामा पर्न सक्ने प्रभावको वातावरणीय परीक्षण गर्नु पर्नेः (१) कसैले पनि जलचर वा जलीय जैविक विविधतामा प्रतिकूल प्रभाव पार्न सक्ने प्रस्तावको

प्रचलित कानून बमोजिम गाउँपालिकाबाट तोकिए बमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले प्रारम्भिक वातावरणीय परीक्षण वा सङ्क्षिप्त वातावरणीय अध्ययन सम्बन्धी अध्ययन प्रतिवेदन र जलीय जैविक विविधतामा पर्न सक्ने प्रभावको सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्दा त्यस्तो प्रस्तावको साथसाथै जलचर र जलीय जैविक विविधतामा पर्न सक्ने प्रतिकूल प्रभावको निराकरण वा न्यूनीकरण तथा व्यवस्थापन र सकारात्मक प्रभावको अभिवृद्धि गर्ने उद्देश्यले विस्तृत वातावरणीय व्यवस्थापन योजना समेत तयार गरी कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तावकले पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन गुणस्तरीय भए नभएको र सो अध्ययन प्रतिवेदनको आधारमा प्रस्ताव कार्यान्वयन गर्दा जलचर तथा जलीय जैविक विविधतामा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने र वातावरणीय व्यवस्थापन योजनामा प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न समावेश भएका उपाय तथा क्रियाकलाप र कार्यक्रम पर्याप्त भए नभएको सम्बन्धमा कार्यपालिकालाई राय सुझाव दिनको लागि कार्यपालिकाले सम्बन्धित विषय विज्ञ तथा सम्बन्धित कार्यालयका प्रतिनिधि रहेको बढिमा एघार सदस्यीय एक समिति गठन गर्न सक्नेछ ।

(४) कार्यपालिकाले उपदफा (५) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन र वातावरणीय व्यवस्थापन योजना स्वीकृत गर्दा उपदफा (३) बमोजिमको समितिले दिएको राय सुझावलाई समेत ध्यानमा राख्नेछ ।

(५) प्रस्तावकले उपदफा (२) बमोजिम तयार गरेको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन र वातावरणीय व्यवस्थापन योजना कार्यपालिकाबाट स्वीकृति नगराई सो प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

(६) उपदफा (१) र (२) बमोजिम स्वीकृतिको लागि पेश हुन आएको सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदनबाट प्रस्तावको कार्यान्वयन गर्दा जलचर वा जलीय जैविक विविधतामा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई निराकरण वा न्यूनीकरण

गर्न सकिने देखिएमा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदनका साथ प्रस्तावकले स्वीकृतिको लागि पेश गरेको वातावरणीय व्यवस्थापन योजना समेत गुणस्तरीय भएमा मात्र कार्यपालिकाले प्रस्तावकलाई आवश्यक शर्त तोकी प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(७) प्रस्तावकले उपदफा (६) बमोजिम कार्यपालिकाबाट स्वीकृत प्रस्तावको कार्यान्वयन गर्दा वातावरणीय व्यवस्थापन योजना पनि साथ साथै कार्यान्वयन गर्नु पर्नेछ ।

११. नागरिकको कर्तव्य तथा अधिकारः (१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरूको संरक्षण तथा दिगो उपयोग गर्नका लागि प्रत्येक व्यक्ति, समूह, संगठित संस्था, गाउँपालिका र निकायको देहाय बमोजिमको कर्त्तव्य हुनेछः

(क) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरूको संरक्षण गर्नु,

(ख) जलचर, जलीय जैविक विविधताका अवयव, जलीय वनस्पति, जलीय पंक्षी वा तिनको बास स्थानको संरक्षण गर्नु र क्षति नपुर्याउनु,

(ग) नदी वा तालमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर निष्कासन वा बिसर्जन हुन नदिनु,

(घ) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, जलीय वनस्पति र जलचरको विशेष सुरक्षा, संरक्षण तथा संवर्द्धन गर्नु,

(ङ) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ऋतु, स्थान र तोकेको अवस्थाका कुनै पनि जलीय वनस्पति वा जलचरलाई समात्न, मार्न तथा चोट पुर्याउन नपाउने गरी मनाही गरेको जलीय वनस्पति वा जलचरको विशेष सुरक्षा, संरक्षण तथा संवर्द्धन गर्नु,

(च) नदी वा तालमा फोहोरको विर्सजन, फोहरबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर (लिचेट) जान सक्ने गरी वा ढल नदी वा तालमा उत्सर्जन नगरी नदी र ताल प्रदूषित हुनबाट बचाउनु,

(२)  नेपाली नागरिकलाई यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली र यस ऐन वा नियमावली अन्तर्गत जारी गरिएको आदेशको अधीनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक विविधताका अवयवहरूको दिगो उपयोग गर्ने अधिकार हुनेछ ।

१२.  माछा लगायत जलचरको तथ्याङ्क राख्नेः (१) कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रको नदी, खोलानाला, ताल, तलैयामा पाइने जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा लगायत अन्य जलचरको विशेषज्ञ मार्फत स्थानीय विज्ञ समेतको संलग्नतामा जलचर सर्वेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिमको जलचर सर्वेक्षणको लगत अभिलेख आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(३) उपदफा (१)बमोजिम कार्यपालिकाले राख्ने लगत कार्यपालिकाले प्रत्येक पाँच वर्षमा अद्यावधिक गर्न सक्नेछ ।

१३.  स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुनेः यस ऐन बमोजिम गाउँपालिकाबाट कुनै नदी वा तालमा अनुमति, हक, छुट, सुविधा, पट्टा वा पुर्जी वा प्रमाण–पत्रप्राप्त गरी वा अरू कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई गाउँपालिकाको क्षेत्र भित्रका नदी तथा तालमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

१४.  हक हस्तान्तरण गर्न नहुनेः कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूले पाएको अनुमति, हक, छुट, सुविधा, सहुलियत, पट्टा वा पुर्जी अरू कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुँदैन ।

परिच्छेद–३

जलीय जैविक विविधता समन्वय परिषद् तथा संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

१५.  कार्यपालिकाले व्यवस्थापन समिति गठन गर्न सक्नेः (१) जलचर, जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी विषयमा कार्यपालिकालाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा गाउँपालिका तथा सुर्खेत जिल्लाका

चौकुने गाउँपालिका र अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका, कमलबजार तथा मंगलसेन नगरपालिका क्षेत्र भित्रका जलीय जैविक विविधताको सामूहिक व्यवस्थापन गर्न र उपरोक्त स्थानीय तह तथा निकाय बीच समन्वय र सहकार्य समेत गर्नका लागि गाउँपालिकाले जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा गाउँपालिका अध्यक्षको अध्यक्षतामा गठन गर्नु पर्नेछ र सो समितिमा गाउँपालिकाको उपाध्यक्ष, नदी रहेको क्षेत्रका वडाअध्यक्ष, स्थानीय बुद्धिजीवी तथा समाजसेवी, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा निजी क्षेत्र, गैरसरकारी संस्था र समूहको प्रतिनिधि समेत रहने गरी कम्तीमा पन्ध्र सदस्यीय समिति गठन गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले समितिको सदस्य सचिवको कार्य गर्नेछ ।

(३) समितिले आवश्यक देखेमा जलचर तथा जलीय जैविक विविधता संरक्षण क्षेत्रमा कार्यरत तथा अनुभव प्राप्त संघ संस्था वा विषय विज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको अध्यक्ष तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी र अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(६) समितिको उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिका अन्य काम, कर्तव्य र अधिकार गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(७) समितिले आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

१६. उप-समिति गठन गर्न सक्नेः (१) व्यवस्थापन समितिले यस ऐन अन्तर्गतको आफ्नो काम, कर्तव्य दक्षतापूर्वक समाधान गर्न वडास्तरमा आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ।

(२) उप-समितिका सदस्यहरूको नियुक्ति, बैठक तथा अन्य विषयवस्तु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१७. कार्यपालिकाले समन्वय परिषद् गठन गर्न सक्नेः (१) गाउँपालिका तथा सुर्खेत जिल्लाका चौकुने गाउँपालिका र अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका र कमलबजार तथा मंगलसेन

नगरपालिका क्षेत्रभित्र जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा उपरोक्त स्थानीय तह र अन्य निकायहरूका बीचमा समन्वय र सहकार्य गर्न संयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न गाउँपालिकाले उपरोक्त स्थानीय तहहरूसँग समन्वय गरी जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद् गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् गठन गर्दा उपरोक्त क्षेत्र भित्रका स्थानीयतह मध्येबाट वर्णानुक्रम बमोजिम आलोपालो गरी सम्बन्धित स्थानीयतहका अध्यक्ष वा प्रमुखको संयोजकत्वमा एक परिषद् गठन गर्नुपर्नेछ । सो परिषदमा गाउँपालिकाका अध्यक्ष, नगरपालिकाको प्रमुख, उप-प्रमुख, गाउँपालिकाको उपाध्यक्ष, नदी वा खोला रहेको क्षेत्रका वडा अध्यक्ष, स्थानीय बुद्धिजीवी, समाजसेवी, महिला, दलित तथा आदिवासी जनजाति र निजी क्षेत्र, गैर सरकारी संस्था र समूह समेतको प्रतिनिधित्व रहने गरी बढीमा एक्काइस सदस्यीय समन्वय परिषद् गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने परिषद्को संयोजकको पदावधि एक वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिने परिषद्को बैठक सम्बन्धी र अन्य व्यवस्था परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद्को काम, कर्तव्य र अधिकारः (१) दफा १७ को उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका, चौकुने गाउँपालिका, तुर्माखाँद गाउँपालिका, कमलबजार तथा मंगलसेन नगरपालिका क्षेत्र भित्र जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी नीति तथा योजना र कार्यक्रम उपरोक्त स्थानीय तहहरूले संयुक्तरूपमा तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी नीति योजना नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मूलप्रवाहीकरण गर्ने गराउने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरी समयानुकूल परिमार्जन, संशोधन गर्ने,

(घ) सम्बन्धित स्थानीय तहको लागि जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी आवश्यक पर्ने नीति, योजना तथा कार्यक्रमको मस्यौदा तयार गर्ने, गराउने,

(ङ) स्थानीय तहले जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्तलाभको समन्यायिक वितरण सम्बन्धमा तर्जुमा गरेको नीति, योजना तथा कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) उपरोक्त स्थानीय तहहरूमा अवस्थित जलाधार, उप-जलाधार वा सम्बन्धित स्थानीय तहको कुनै निश्चित क्षेत्रको प्राकृतिक, जलीय जैविक विविधताको संरक्षण वा जलचक्रलाई समेत संरक्षण तथा संवर्द्धन गर्ने जलाधार र उप-जलाधार स्तरीय कार्यक्रमको संयुक्त रूपमा तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(छ) उपरोक्त स्थानीय तहहरूले जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा संयुक्त रूपमा तर्जुमा गरेको नीति, योजना तथा कार्यक्रम कुनै स्थानीय तहले उत्कृष्ट रूपमा कार्यान्वयन गरी विशेष उपलब्धि हासिल गरेमा सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(ज) अन्तर सरकारी समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्न सहजीकरण गर्नुका साथै कर्णाली र सेती नदी प्रणाली, जैविकमार्ग वा कोरिडोर संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह बीच छलफल गरी आवश्यक कार्य गर्ने,

(झ) जलाधार स्तरीय समस्याको पहिचान गरी त्यसको सम्बोधन गर्ने साझा रणनीति तय गर्ने,

(ञ) विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी स्थनीय तहहरूले संयुक्त रूपमा तर्जुमा गरेको नीति, योजना वा कार्यक्रमको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने, र

(ट) परिषद्ले तोकेका अन्य कार्य गर्ने गराउने।

१९.जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गर्न सक्नेः जलचर तथा जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग, सोबाट प्राप्तलाभको समन्यायिक वितरण र जलीय जैविक विविधता स्वस्थ अवस्थामा भावी पुस्तालाई हस्तान्तरण सुनिश्चित गर्नका लागि कार्यपालिकाले जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गरी सो योजना र सोको कार्यान्वयनका लागि आवश्यक बजेट समेत गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्नु पर्नेछ ।

२०.जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र तोक्न सक्नेः (१) जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, महत्वपूर्ण प्रजातिका जलचर, जलीय वनस्पति, त्यस्ता प्रजाति वा आनुवांशिक स्रोत विद्यमा नभएको क्षेत्र, जलीय जैविक विविधताको बासस्थानको संरक्षण वा संकटापन्न प्रजातिहरूको जनसंख्या र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीयस्थल भएको गाउँपालिका क्षेत्र भित्रको कुनै नदीको सम्पूर्ण वा केही भाग वा कुनैताललाई कार्यपालिकाले त्यसको चारकिल्ला समेत खुलाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरी जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र वा उद्यान तोक्न वा कायम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले एक पटक घोषित गरिसकेको जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्रको स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सिमाना हेरफेर वा परित्याग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र वा उद्यान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१.जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्रमा गर्न नहुने कार्यः (१) कुनै पनि व्यक्ति, संस्था वा निकायले संरक्षण क्षेत्रमा देहायको काम गर्न पाउने छैनः-

(क) जलचर र जलीय जैविक विविधताका अवयव संकलन गर्न,

(ख) संरक्षण क्षेत्र भित्र बग्ने नदी, ताल वा पानीको कुनै स्रोत वा त्यस्ता नदीका सहायक नदी, खोला थुन्न, फर्काउन वा त्यस्ता नदी वा तालमा कुनै हानिकारक वा विस्फोटक वस्तु वा पदार्थ प्रयोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) प्रारम्भिक वातावरणीय परीक्षण बिना जिल्ला सडक, सहरी सडक, ग्रामीण सडक वा साना सहायक सडक निर्माण गर्न,

(ङ) रुख, बिरुवा, झाडी काट्न,  ढाल्न, हटाउन, छेक्न वा आगो लगाउन वा अरू कुनै प्रकारले हानि नोक्सानी पुर्याउन,

(च) जलीय जैविक विविधताका अवयव वा भाग, जलचर, जलीय वनस्पति, जलचर, जलीय पंक्षी वा तिनको बासस्थानमा क्षति पुर्याउन,

(छ) जलचर तथा जलीय जैविक विविधताका अवयव, जलीय वनस्पति, जलीय पंक्षीलाई समात्न, पक्रन, मार्न वा अन्य कुनै किसिमले क्षति पुर्याउन,

(ज) नदी वा तालमा विष वा हात हतियार खरखजाना वा औजार लैजान वा प्रयोग गर्न,

(झ) ढुङ्गा, गिट्टी, बालुवा वा माटो निकाल्न, उत्खनन् गर्न वा ओसार पसार गर्न,

(ञ) जलचर तथा जलीय जैविक विविधतालाई हानि वा क्षति पुग्ने किसिमका योजना, परियोजना वा कार्यक्रम सञ्चालन गर्न,

(ट) कार्यपालिकाले तोकेका अन्य कार्य ।

२२. जलीय जैविक विविधता संरक्षण क्षेत्रमा सेवा सुविधाको सञ्चालनः(१) जलीय जैविक विविधता संरक्षण क्षेत्रको सुरक्षा र सर्वोपरि हितको निमित्त कार्यपालिकाले कार्यविधि तर्जुमा गरी उक्त कार्यविधि बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी पर्यापर्यटनका लागि घरवास (होमस्टे), होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरवास, होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा सञ्चालन गर्दा जलचर एवं जलीय जैविक विविधतामा प्रतिकूल असर पर्ने गरी गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्ति वा निकायले संरक्षण क्षेत्र भित्र कुनै पनि किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

परिच्छेद ४

समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता

संरक्षण सम्बन्धी व्यवस्था

२३. ताल वा नदी समूहलाई हस्तान्तरण गर्न सक्नेः (१) कार्यपालिकाले सामुदायिक जलचर संरक्षण समूहलाई विधान बमोजिम पोखरी वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा प्रचलित कानून बमोजिम संरक्षित प्रजाति बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरू, जलीय वनस्पति, माछा, ओद (ओत) लगायत अन्य जलचर समात्न, मार्न वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी पोखरी वा नदीको कुनै भाग वा सामुदायिक पोखरी समूहलाई सुम्पन वा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरूलाई परिचालन गरी तोकिए बमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल सम्पदा वा हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(४) गाउँपालिका र वडास्तरमा गठित अनुगमन समितिले उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको कम्तीमा चौमासिक रूपमा अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२४. सामुदायिक नदी र तालको निर्धारणः (१) कार्यपालिकाले पोखरी वा नदीको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा पोखरीको रूपमा सम्पदा वा हस्तान्तरण गर्दा टोल बस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समुदायको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यानदिनु पर्नेछ ।

(२) समूहको घरधुरी पहिचान गर्दा देहायका आधारहरूलाई मध्यनजर गरी गर्नु पर्नेछः

(क) सामुदायिक नदी वा तालको रूपमा हस्तान्तरण गरिने नदीक्षेत्र वा तालको जलचर, जलीय वनस्पति वा जलीय जैविक विविधताका विभिन्न अवयवहरूमा आश्रित समुदाय,

(ख) सामुदायिक नदी वा तालको रुपमा हस्तान्तरण गर्ने नदी क्षेत्र वा तालमा आश्रित घरधुरी,

(ग) नदीको उक्त क्षेत्र वा ताल परम्परागत रूपमा भोग चलन गर्दै आएका घरधुरी,

(घ) नदीको उक्त क्षेत्र वा ताल पायक पर्ने घरधुरी,

(ङ) नदीको उक्त क्षेत्र वा तालको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी,

(च) समूहमा समावेश हुने चाहना भएका नदीका क्षेत्र वा तालमा आश्रित घरधुरी ।

२५. सामुदायिक नदी वा ताल हस्तान्तरण गरिने र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रक्रियाः (१) कुनै नदी क्षेत्र वा पोखरीलाई सामुदायिक नदी क्षेत्र वा तालको रूपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरूले कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस सहित लिखित रूपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । समूहको विधानमा अन्य कुराहरूको अतिरिक्त दफा २६ मा उल्लिखित कुराहरूको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरूप नदी वा पोखरी, सामुदायिक नदी वा पोखरीका रूपमा समुदायलाई सुम्पिने वा हस्तान्तरण गरिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक समूह गठन गरी समूहको विधान सहित अनुसूची-१बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालयमा समूह दर्ता गराउन समूह भेला गराई उक्त

भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक-एक व्यक्तिको सहीछाप सहित दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरूप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकि दिएको शर्त पालन गर्न कबुलियतनामा गराई सम्बन्धित पोखरी वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा प्रचलित कानून बमोजिम संरक्षित प्रजाति बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरू, जलीय वनस्पति, माछा लगायत अन्य जलीय वनस्पति र जलचर समात्न, मार्न  वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी पोखरी वा नदीको कुनै भाग सामुदायिक पोखरी वा नदीको रूपमा संरक्षण तथा दिगो उपयोग गर्ने हक सहित पोखरी वा नदीको कुनै निश्चित भाग वा क्षेत्र सम्बन्धित समूहलाई सुम्पिई वा हस्तान्तरण गरी उक्त समूहलाई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिनु पर्नेछ ।

२६.  समूहको विधानमा समावेश गर्नु पर्ने विषयवस्तुः समूहले देहायका विषयवस्तु समावेश गरी सामुदायिक जलचर संरक्षण समूहको विधान तयार गर्नु पर्नेछः

(क) समूहको नाम,  ठेगाना,  सिमाना, क्षेत्रफल, वडा नम्बर, नदी क्षेत्र वा तालको अवस्था र किसिम, समूहको उद्देश्य तथा कार्यहरू, सामुदायिक नदी क्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य,

(ख)  सामुदायिक नदी क्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण, माछा लगायत अन्य जलचरको किसिम,  मुख्य जात एवं प्रजाति, उपयोगी जात र प्रजाति तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(ग) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायिक नदीक्षेत्र वा ताल क्षेत्र भित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरूको नाम, थर र वतन, पारिवारिक विवरण महिला, पुरुष संख्या,

(घ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा, लगायत अन्य जलीय वनस्पति, जलचर, जलीय जीव तथा जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र संवर्द्धनका अन्य कार्यहरूको विवरण,

(ङ) ओद (ओत) तथा अन्य जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुरा खेल्ने र हुर्कने ठाउँ, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(च) माछाले अण्डा पार्ने क्षेत्र लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुरा खेल्ने र हुर्कने ठाउँ, भाग वा क्षेत्रमा माछाले अण्डा पार्ने लगायत अन्य जलचरले प्रजनन गर्ने, माछाका भुरा खेल्ने र हुर्कने महिना तथा यामहरूमा माछा र अन्य जलचर समात्ने, मार्ने वा संकलन गर्ने कार्यमा प्रतिबन्ध लगाई सो बमोजिम त्यस्ता ठाउँ, भाग वा क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने गराउने कार्यहरूको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदीक्षेत्र, गहिरो रह (डम्म) क्षेत्र, तालको कुन-कुन क्षेत्रमा वर्षभरी जलीय स्तनधारी जीव, जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिबन्ध लगाउने हो त्यस्तो क्षेत्रको विवरण,

(ज) दुर्लभ, संकटासन्न, र संकटापन्न प्रजातिका जलीय स्तनधारी जीव, जलीय वनस्पति, माछा तथा अन्य जलचरहरूको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, जलीय वनस्पति र जलचरको अदिगो रूपमा संकलन गर्ने कार्य र दोहन रोक्न तथा नियन्त्रण गर्न अपनाइने तरिकाहरूको विवरण लगायत तियारी जाल (गिल नेट), महाजाल करेन्ट जाल, भुपालीजाल, सुपेल जाल, ज्यानमारा जाल तथा दुवाली बुज्ने, थुन्ने वा फर्काउने, सोली वा तिप थाप्ने, ढाड हाल्ने, नदीको धार फर्काउने, घन हान्ने, जस्ता तरिका माछा र अन्य जलचर समात्ने, मार्ने वा संकलन गर्न प्रयोग गरिने औजारको नियमन तथा नियन्त्रण सम्बन्धी व्यवस्था,

(ञ) एक वर्षमा कुन-कुन महिनामा र कुन-कुन क्षेत्रमा प्रचलित कानूनले वा गाउँपालिकाले संरक्षित तोकेका प्रजाति बाहेकका जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा लगायत अन्य जलचर संकलन गर्ने हो सोको विवरण लगायत एक महिनामा बढीमा कति दिन जलीय जीव, तथा जलचर संकलन गर्न पाउने हो सोको विवरण,

(ट) सामुदायिक नदी क्षेत्र वा ताल वरिपरि खेती योग्य जमिनमा रासायनिक मल तथा विषादीको प्रयोग घटाई प्रांगारिक मल तथा विषादीको प्रयोगमा बढावा लगायत त्यसता मल तथा विषादी बगेर नदी वा तालमा गई नदी क्षेत्र वा तालमा प्रदूषण हुने वा हुन सक्ने प्रदूषणको रोकथाम तथा नियन्त्रणका लागि अपनाउने तरिका तथा क्रियाकलापको विवरण,

(ठ) हेरालु सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैरकानूनी रूपमा संकलन, पक्रने वा मार्ने कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था,

(ड) माछा तथा अन्य जलचरको बिक्री वितरण, जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन सञ्चालन, समूहको सदस्य नभएका व्यक्तिबाट शुल्क लिई आफ्नो सामुदायिक नदी वा ताल क्षेत्रभित्र माछा समात्न वा मार्न दिए बापत प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ढ) प्रस्तावित सामुदायिक नदी क्षेत्र वा तालमा समूहका महिला, एकल महिला, अपाङ्गता भएको व्यक्ति, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी सदस्यका लागि समन्यायिक पहुँच, दिगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सम्बन्धी प्रावधान,

(ण) महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति र विपन्न घरधुरीका सदस्यलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(त) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्यता समाप्ति सम्बन्धी व्यवस्था,

(थ) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(द) साधारण सभा तथा विशेष साधारणसभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ध) कार्यसमितिको गठन, कार्यसमितिका प्रमुख पदमा महिला, दलित, आदिवासी जनजाति र विपन्न घरधुरीको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(न) कार्यसमितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीको काम, कर्तव्य तथा अधिकार,

(प) कार्यसमितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(फ) सामुदायिक नदी वा ताल क्षेत्रभित्र यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत कार्य गर्ने समूहका सदस्य तथा समूहको सदस्य नभएको व्यक्तिलाई हुने जरिबाना सम्बन्धी व्यवस्था,

(ब) विधान विपरीत कामगर्ने समूहका सदस्यहरूलाई दिइने सजाय र समूहका सदस्यलाई सजाय दिँदा पूरा गर्नु पर्ने कार्यविधि,

(भ) कार्यपालिकाले तोकेका अन्य विषयवस्तु ।

२७. समूह संगठित संस्था हुनेः (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

२८. सामाजिक समावेशीता तथा समन्याय कायम गर्नु पर्नेः (१) समूहका साधारण सदस्यमा कम्तीमा एकाउन्न प्रतिशत महिला, एकल महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका सदस्य हुनु पर्नेछ ।

(२) समूहको कार्यसमिति नौ सदस्यीय भएमा कार्यसमितिका सदस्य मध्ये कम्तीमा पाँच सदस्य र कार्यसमिति एघार सदस्यीय भएमा कार्यसमितिका सदस्य मध्ये कम्तीमा छ सदस्य तथा कार्यसमिति तेह्र सदस्यीय भएमा कार्यसमितिका सदस्यमध्ये कम्तीमा सात सदस्य लैङ्गिंक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्तका आधारमा महिला, दलित वा आदिवासी जनजाति समुदायबाट हुनु पर्नेछ ।

(३) समूहको कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिव पदमध्ये कुनै तीन पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समूहको कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिव पदमा निर्वाचन, मनोनयन वा अन्य माध्यमद्वारा पदाधिकारीहरूको चयन गर्दा कोषाध्यक्ष पदमा महिलाको चयन गर्नु पर्नेछ ।

(५) समूहले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा जलीय श्रोत र जलचरमा समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई जलीय स्रोत र जलचरमा अन्य सदस्य भन्दा कम्तीमा पचास प्रतिशत भन्दा बढी पहुँच दिनुपर्नेछ ।

स्पष्टीकरणः उपदफा (५) को प्रयोजनको लागि "समन्यायिक पहुँच" भन्नाले समूहका सदस्यहरूलाई एक हप्तामा दुईदिन माछा समात्न वा मार्न दिने हो भने महिला, एकलमहिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई एक हप्तामा तिन दिन माछा संकलन गर्न वा मार्न दिने वा नगद वा श्रम योगदान गर्नु पर्दा पनि आंशिक मिनाहा दिने जस्ता उपाय सम्झनु पर्छ ।

२९. समूहको कार्यसमितिको गठनः (१) समूहको कार्यसमिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनेछ र कार्य समिति गठन गर्दा समूहको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका साथै समूहको सेवा क्षेत्र भित्रका विभिन्न भौगोलिक क्षेत्र र जनघनत्वको प्रतिनिधित्वलाई समेत ध्यान दिनु पर्नेछ ।

(२) समूहको कार्यसमितिको कार्यकाल तीनवर्षको हुनेछ ।

(३) कार्यसमितिका पदाधिकारी तथा सदस्य दुई कार्यकाल पछि निरन्तर एकै पदमा बहाल रहन पाउने छैनन् ।

(४) कार्यसमितिको गठन वा विघटन समूहको साधारण सभाले मात्र गर्न सक्नेछ ।

(५) समूहको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी समूहको वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नु पर्नेछ ।

३०. प्रतिवेदन दिनु पर्नेः (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सम्बन्धित समूहलाई सुम्पिएको वा हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहले आफ्नो क्रियाकलापको साधारण सभाबाट पारित वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र कार्ययोजनाको आधारमा गाउँपालिकाले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

३१.समूहको कोषः (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) सदस्यता शुल्कबाट प्राप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्री वितरण गर्दा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधतामैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) संघ, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै नेपाली नागरिक, व्यक्ति वा संघ संस्थाबाट वा कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(च) यस ऐनको उल्लंघन भएको अवस्थामा प्रमुख प्रशासकिय अधिकृत वा गाउँपालिकाले गरेको जरिबानाबाट उठेको रकमको पचहत्तर प्रतिशतका दरले प्राप्त रकम,

(छ) समूहले आफ्नो विधान बमोजिम गरेको जरिबानाबाट प्राप्त रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

३२. समूहको कोषको संचालनः (१) समूहको कोषमा जम्मा भएको रकम बैंकमा समूहको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ र सो खाता कोषाध्यक्ष र अध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) समूहको कोषको व्यवस्थापन, खाता सञ्चालन तथा संस्थागत विकासका लागि गाउँपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(३) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समूहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभाले लेखापरीक्षक तोक्दा कुनै लेखापरीक्षण कम्पनीलाई लगातार दुई आर्थिक वर्षभन्दा बढी तोक्न पाउने छैन ।

(५) उपदफा (४) बमोजिमको समूहले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(६) प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय-समयमा जाँचबुझ गर्न सक्नेछ ।

(७) कोषको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३.सामुदायिक नदी वा तालको लगत राख्नेः प्रमुख प्रशासकीय अधिकृतले समूहलाई सामुदायिक नदी वा ताल हस्तान्तरण गरेपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

३४.स्वामित्व हस्तान्तरण नहुनेः यस ऐनको दफा २३ बमोजिम कुनै नदी क्षेत्र वा ताल गाउँपालिकाले समूहलाई सामुदायिक नदी वा तालको रूपमा व्यवस्थापन गर्न समूहलाई हस्तान्तरण गरेको कारणले मात्र नदी वा तालको स्वामित्व कुनै पनि समूहलाई हस्तान्तरण हुने छैन ।

३५. सामुदायिक नदी वा तालमा गर्न नहुने कामः (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायका कुनै कार्यसमेत गर्नु गराउनु हुँदैनः-

(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायिक नदी वा तालले चर्चेको जग्गाधितो बन्धकी राख्न वा अरू कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) यो ऐन, जलचर संरक्षण ऐन, २०१७, वा प्रचलित कानून विपरीत जलीय वनस्पति, जलचर, जलीय जीव तथा जलीय जैविक विविधताको क्षति पुर्याउन, पक्रन वा मार्न वा अन्य कार्य गर्न तथा वन्यजन्तु पक्रन वा मार्न,

(ग) नदीको सनातन बहावको धार परिवर्तन गर्न,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) कार्यपालिकाको अनुमति बेगर माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(च) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(छ) तोकिए बमोजिमका अन्य कार्य ।

३६.जलचरको संकलन तथा बिक्री वितरणः (१) समूहले प्रचलित कानून, यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, यस ऐन वा नियमावली अन्तर्गत जारी गरिएको आदेश र विधानले प्रतिबन्ध गरेका जलचर बाहेक अन्य जलचर संकलन तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर संकलन गर्ने कार्यका साथैउक्त नदीक्षेत्र वा तालमा समूहले संरक्षण, पुनरुत्थान र स्तरोन्नतिका कार्यसमेत गर्नु पर्नेछ।

३७. सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनुपर्नेः (१) समूहको साधारण सभाले सदस्यता शुल्क निर्धारण गर्दा समूहका एकल महिला, अपाङ्गता भएको व्यक्ति, दलित, आदिवासी जनजाति असहाय तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासिब रकम मात्र तोक्नु पर्नेछ ।

(२) सदस्यता शुल्क तिर्न असमर्थ समूहका एकल महिला, अपाङ्गता भएको व्यक्ति र विपन्न दलित, आदिवासी जनजाति, असहाय तथा अन्य विपन्न घरधुरी सदस्यको हकमा कार्यसमितिलेउपदफा (१) बमोजिमको सदस्यता शुल्क त्यस्ता घरधुरी सदस्यको आंशिक वा पूर्ण मिनाहा दिन सक्नेछ ।

(३) समूहको साधारण सभाले सेवा शूल्क निर्धारण गर्दा समूहका घरधुरी सदस्यले संकलन गर्ने माछाको बजार मूल्यको कम्तीमा तीन प्रतिशत र बढीमा पन्ध्र प्रतिशतसम्म सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम निर्धारण गरेको सेवा शुल्क प्रत्येक सदस्यले भुक्तानी गरेपछि मात्र निजले संकलन गरेको माछा बिक्री वितरण गर्नु पर्नेछ ।

३८. विधानमा संशोधनः (१) समूहले समूहको विधानको संशोधन  गर्नुपर्ने भएमा संशोधन सम्बन्धी प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित गराई सो बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि  मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वा जलीय जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिन भित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

३९. नवीकरण गराउनु पर्नेः समूहले प्रत्येक दुई-दुई वर्षमा आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँकार्यपालिकाको कार्यालयमा समूहको नवीकरण गराउनु पर्नेछ ।

४०. सामुदायिक नदी वा ताल फिर्ता लिन सकिनेः (१) दफा २५ बमोजिम समूदायलाई सुम्पिएको सामुदायिक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर, जलीय जैविक विविधता वावातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अन्तर्गत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्त पालन नगरेमा गाउँपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो समूहलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाइ पेश गरेमा सफाइ सन्तोषजनक पाइएको समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम,  प्रचलित ऐन कानून र समूहको विधानको पूर्णतःपालना गर्ने कागज गराई समूहको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि  समूहको कार्यसमितिका पदाधिकारी वा सदस्यहरूले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अन्तर्गत बनेको

नियमायली वा समूहको विधान विपरीत कुनै काम कारबाही गरेको भनी समूहको वा अरू कसैको उजुरी परी कसुर प्रमाणित भएमा त्यस्ता पदाधिकारी र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा २५ प्रतिशत थप जरिबाना हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समूहलाई निरन्तरता प्रदान गरेकोमा सो समूहले पुनःउपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा गाउँपालिकाले निर्णय गरी समूहको दर्ता खारेज र सामुदायिक नदी, खोला वा ताल फिर्ता लिन सक्ने छ ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि समूहका पदाधिकारीहरूले समूहको हितको नाममा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा यस ऐन वा नियमावली अन्तर्गत जारी भएको आदेश वा विधान विपरीत कुनै काम कारबाही गरेमा निजलाई यस ऐन बमोजिम जरिबाना गर्न बाधा पुर्याएको मानिने छैन ।

४१. सामुदायिक नदी तथा तालपुनः सुम्पन सकिनेः दफा ४० को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, खोला, ताल तथा तलैया दफा ५२ बमोजिम तत् सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले साविककै समूहलाई पुनः सुम्पनु पर्नेछ ।

४२. विधान विपरीत काम गर्नेलाई दण्ड जरिबानाः (१) सामुदायिक नदी वा तालमा कुनै सदस्यले विधान विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरिबाना गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगो समेत असुलउपर गर्न सक्नेछ ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरीत कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिबानाका अतिरिक्त समूहको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिबाना समेत हुनेछ ।

४३. जलीय जैविक विविधता तथा सामुदायिक नदी संरक्षणको लागि खर्च गर्नु पर्नेः समूहले विधान बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा तीस प्रतिशत रकम सामुदायिकनदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा, कम्तीमा चालिस प्रतिशत समूहका विपन्न तथा गरिबीका रेखामुनि रहेका सदस्यलाइ टेवा पुग्ने र महिला सशक्तिकरणमा खर्च गर्नु पर्ने र बाँकी रकम समूहको हितको लागि विकास कार्यमा तथा गरिबी न्यूनीकरण गर्ने कार्यमा खर्च गर्नु पर्नेछ ।

४४. सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्नेः साधारण सभाको निर्णय बमोजिम समूहले पालिकाको पूर्व अनुमति लिई विधानको अधीनमा रही जलचर र जलीय जैविक विविधतामैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सामुदायिक नदी वा तालमा सञ्चालन गर्न सक्नेछ ।

४५. नयाँ सदस्यसँग धेरै बढी सदस्यता शुल्क लिन नमिल्नेः अंश बन्डा भई, बसाइ सराइ गरी वा अन्य कुनै किसिमले सामुदायिक नदी क्षेत्र भित्र बसोवास गर्न आउने नयाँ घरधुरीले समूहको सदस्यता प्राप्त गर्न निवेदन दिएमा त्यस्ता घरधुरीलाई समूहको कार्यसमितिले सदस्यता शुल्क बापत समूहको विद्यमान सदस्यता शुल्कमा बढीमा पच्चिस प्रतिशतसम्म मात्र थप सदस्यता शुल्क लिई समूहको सदस्यता प्रदान गर्नु पर्नेछ ।

परिच्छेद-५

कसुर तथा जरिबाना

४६.कसुरः

(१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः-

(क) कुनै व्यक्तिले कुनै नदी वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले त्यस्तो नदी वा तालमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय शक्ति, तरङ्ग वा धार (करेन्ट), विस्फोटक पदार्थ,रासायनिक विषालु पदार्थको प्रयोग गरेमा,

(ख) कर्णाली वा सेती नदीमा माछा वा जलचर समात्ने अभिप्रायले जालको आँखा (घर) को गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आकार (साइज) भन्दा सानो आकार र सोभन्दा ठूलो आँखाको आकार (साइज) भन्दा ठूलो प्वालको जाल, माहाजाल, करेन्ट जाल, भुपाली जाल, सुपेल जाल, ज्यानमारा जाल, जस्ता जाल प्रयोग गरेमा,

(ग) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्य कुनै प्रयोजनका लागि डोजर, एसाभेटर वा भ्याकुलोडर जस्ता मेसिनको प्रयोग गरी नदी वा खोलाको धार परिवर्तन गरेमा,

(घ) चाइरा खोला, गुदुम गाड, शेरा खोला, धारा गाड, बाउले खोला, बसाली खोला, जुती खोला, रवा खोला, थारम खोला जस्ता कर्णाली र सेती नदीका सहायक खोला, गाडमा कसैले पनि जलचर

समात्न वा मार्नका लागि जालको आँखा (घर) को साइज गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आकार (साइज) भन्दा सानो आकार र सोभन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, महाजाल, करेन्ट जाल, भुपाली जाल, सुपेल जाल, ज्यानमारा जालपैठारी वा खरिद बिक्री गरेमा,

(ङ) कसैले पनि कर्णाली वा सेती नदी वा यसका सहायक खोलामा ओद समातेमा, पक्रिएमा वा मारेमा,

(च) अधिकार प्राप्त व्यक्ति बाहेक अरू कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्य आवागमन मार्ग, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(छ) तोकिएका जातिका जलचरलाई कुनै पनि व्यक्तिले समातेमा, मारेमा, चोट पुर्याएमा वा क्षति पुर्याएमा,

(ज) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी वा तालमा कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न वा चोट पुर्याउन नपाउने गरी जारी गरेको सूचनाको उल्लंघन गरेमा,

(झ) दफा ५ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भर्याङ निर्माण नगरेमा वा जलचर ह्याचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ञ) दफा ५ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले कर्णाली र सेती नदीको प्रवाहको कम्तीमा विस प्रतिशत तथा चाइरा खोला, गुदुम गाड, शेरा खोला, धारा गाड, बाउले खोला, बसाली खोला, जुती खोला, रवा खोला, थारम खोला जस्ता कर्णाली वा सेती नदीका सहायक खोला गाडको प्रवाहको कम्तीमा पच्चिस प्रतिशत न्यूनतम वातावरणीय बहाव कायम नगरेमा,

(ट) कुनै व्यक्ति, संस्था वा निकायले फोहोरमैला वा दूषित पानी रसाएर (लिचेट) वा ढल नदीवा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गरेमा वा नदी, खोला वा तालमा कुनै किसिमको कार, जिप, बस, डोजर, जेसिबी, ट्रक, ट्याक्टर जस्ता सवारी साधनबाट निस्कने डिजेल, पेट्रोल, ग्रिज, मोबिल जस्ता पदार्थ फालेमा, विर्सजन वा निष्कासन गरेमा,

(ठ) ताल, तलैया, पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिँगे माछा, शंखे किरा लगायत अन्य जलचर नदी, खोला, खोला नाला वा सार्वजनिक ताल, तलैया, पोखरी वा दहमा छाडेमा वा निष्कासन गरेमा,

(ड) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिँगे माछा, ओद, लगायत अन्य जलीय वनस्पति र तथा जलचरलाई समातेमा, मारेमा, चोट पुर्याएमा वा क्षतिपुर्याएमा,

(ढ) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा,

(ण) वातावरणीय व्यवस्थापन योजना तर्जुमा नगरेमा, सो योजना कार्यपालिकाबाट स्वीकृत नगराएमा वा स्वीकृत योजनाको कार्यान्वयन नगरेमा ।

४७.जरिबानाः (१) दफा ४६ को खण्ड (क) बमोजिमको कसुर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट पहिलो पटक भए दश हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा पच्चिस हजार रुपैयाँ र तेस्रो वा सोभन्दा बढीपटक सोही कसुर गरेमा प्रत्येक पटकका लागि पैतिस हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(२) दफा ४६को खण्ड (ख) र (घ) बमोजिमको कसुर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट चार हजार रुपैयाँ देखि सात हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा आठ हजार रुपैयाँ देखि बाह्र हजार रुपैयाँसम्म जरिबाना र सोही कसुर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाँ जरिबाना हुनेछ।

(३) दफा ४६को खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट पहिलो पटक भए दश हजार रुपैयाँ जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा वीस हजार रुपैयाँदेखि पचिस हजार रुपैयाँसम्म जरिबाना र सोही कसुर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि तिस हजार रुपैयाँ जरिबाना हुनेछ ।

(४) दफा ४६ को खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाबाट पहिलो पटक भए पचास हजार रुपैयाँ जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा एक लाख रुपैयाँ जरिबाना र सोही कसुर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुई लाख रुपैयाँ जरिबाना हुनेछ ।

(५) दफा ४६को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाबाट पचास हजार रुपैयाँ देखि तिन लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(६) दफा ४६ को खण्ड (छ) र (ज) बमोजिमको कसुर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट पहिलो पटक भए दुई हजार देखि चार हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा पाँचहजार रुपैयाँ देखि सात हजार रुपैयाँसम्म जरिबाना र सोही कसुर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि दश हजार रुपैयाँदेखि पन्ध हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(७) दफा ४६को खण्ड (झ) बमोजिमको कसुर गर्नेलाई नेपाल सरकारसँग अनुमति लिई बाँध निर्माण गरेको अवस्थामा नेपाल सरकारसँग र सुदूरपश्चिम प्रदेश सरकारबाट अनुमति प्राप्त गरी बाँध निर्माण गरेको भए सुदूरपश्चिम प्रदेश सरकारसँग कार्यपालिकाले सो बाँध निर्माण गर्ने निकायलाई मत्स्य भर्याङ निर्माण गर्न वा ह्याचरी वा जलचर नर्सरीको निर्माण गरी सञ्चालन गर्न गराउन पत्राचार गर्नेछ ।

(८) दफा ४६ को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई पहिलो पटक एक लाख, दोस्रो पटक तीन लाख, तेस्रो पटक नौ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्नेछ ।

(९) दफा ४६ को खण्ड (ट) बमोजिमको कसुर गर्ने व्यक्ति विशेषको हकमा प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक पाँच सय रुपैयाँ, दोस्रो पटक एक हजार रुपैयाँ, तेस्रो पटक एक हजार पाँच सय रुपैयाँ र सोही कसुर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुईहजार रुपैयाँका दरले जरिबाना हुनेछ र सो कसुर कुनै उद्योग, व्यवसाय, कम्पनी, कलकारखाना वा अन्य संघ संस्थाले गरेको भए पहिलो पटक दुई हजाररुपैयाँ, दोस्रो पटक तीन हजार रुपैयाँ, तेस्रो पटक पाँच हजार रुपैयाँ र सोही कसुर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिबाना गर्नेछ ।

(१०) दफा ४६ को खण्ड (ठ) बमोजिमको कसुर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक पाँच हजार रुपैयाँ, दोस्रो पटक दश हजार रुपैयाँ,, तेस्रो पटक बीस हजार रुपैयाँ र सोही कसुर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि पच्चीस हजार रुपैयाँका दरले जरिबाना गर्नेछ ।

(११) दफा ४६ को खण्ड (ड) बमोजिमको कसुर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक तीन हजार रुपैयाँ, दोस्रो पटक छ हजार रुपैयाँ, तेस्रो पटक नौ हजार रुपैयाँ र सोही कसुर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गर्नेछ ।

(१२) दफा ४६ को खण्ड (ढ) र (ण) बमोजिमको कसुर गर्नेलाई कार्यपालिकाले सात लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(१३) यस ऐन अन्तर्गत कार्यपालिकाले वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको जरिवानाबाट प्राप्त रकमको पचहत्तर प्रतिशत गाउँपालिकाले सम्बन्धित समूहको खातामा जम्मा गर्नु पर्नेछ ।

४८. पुरस्कार दिनेः (१) यस ऐन विपरीत कसुर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिबानाको पैंतिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य राख्नु पर्नेछ ।

(३) जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोगमा उत्कृष्ट योगदान पुर्याउने समूहलाई कार्यपालिकाले तोकिएको रकम सहित अन्य पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४९. अनुसन्धान अधिकृत तोक्नेः यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धान गर्न गाउँपालिकाले कम्तीमा पाँचौं तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतका रूपमा तोक्न सक्नेछ ।

५०. कारबाही चलाउने तथा दण्ड जरिबाना गर्ने अधिकारीः (१) यस ऐन बमोजिम दण्ड जरिबाना गर्ने अधिकार कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारबाही तथा दण्ड जरिबाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

५१. प्रचलित कानून बमोजिम सजाय हुनेः यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन ।

५२. पुनरावेदन दिन सकिनेः दफा ४० बमोजिम गाउँपालिकाको निर्णय उपर चित्त नबुझे वा दफा ४७ बमोजिम कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले गरेको जरिबानाको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५३. जलचर र तत्सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्नेः (१) जलचर, जलीय जैविक विविधता,जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव घस्रने प्राणी, माछा लगायत जलीय वनस्पति सम्बन्धमा यो ऐन उल्लंघन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा लगायत जलीय वनस्पति र सो कसुरसँग सम्बन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरी वा समूहको पदाधिकारीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारी वा समूहको पदाधिकारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कम्तीमा तीन जना व्यक्तिको रोहवरमा बरामदी मुचुल्का तयार गरी त्यस्तो मालमा खास चिह्न लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, मालवस्तु, इत्यादि कार्यपालिकाको आदेश उपर पुनरावेदन नपरेमा पुनरावेदनको म्याद सकिएपछि र पुरावेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरूप लिलाम वा नष्ट गर्नु पर्नेछ ।

## परिच्छेद–६

## विविध

५४. विशेष प्रजाति संरक्षण गर्न कार्यक्रम सञ्चालन गर्न सक्नेः कार्यपालिकाले ओद, कछुवा, जलेवा जस्ता जलचर र जलमा आश्रित जलीय जीव, वनस्पति वा जलीय जैविक विविधताको संरक्षण तथा संवर्धन गर्न आवश्यक अनुसन्धान, सर्वेक्षणका साथै अन्य विशेष कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

५५. अधिकार प्रत्यायोजनः गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५६. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५७. नियमावली बनाउन सक्नेः यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

५८. कार्यविधि वा निर्देशिका बनाउन सक्नेः यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

५९. बचाउः यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित कानून बमोजिम यसअघि भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची –१

(दफा २५को उपदफा (४) सँग सम्बन्धित)

सामुदायिक जलचर संरक्षण समूहको दर्ताका लागि दिइने निवेदन

श्रीमान् अध्यक्षज्यू

ढकारी गाउँकार्यपालिकाको कार्यालय

ढकारी, अछाम ।

विषयः सामुदायिक जलचर संरक्षण समूह दर्ता गरिदिने बारे ।

उपरोक्त सम्बन्धमा ढकारी गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी यसैसाथ पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं।

निवेदक

.................सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

| क्र. सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |

मितिः–...........................

अनुसूची –२

(दफा २५ को उपदफा (५) सँग सम्बन्धित)

समूह दर्ताको प्रमाणपत्रको नमूना

ढकारी गाउँकार्यपालिकाको कार्यालय

ढकारी, अछाम ।

दर्ता नं. मितिः–

समूह दर्ताको प्रमाण–पत्र

श्री ............................................सामुदायिक जलचर संरक्षण समूह

...........................

यस गाउँपालिकाको मिति ........................... को निर्णय अनुसार जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१ ले दिएको अधिकार प्रयोग गरी .............. ....... ..... सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस् भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र प्रदान गरिएको छ ।

पालना गर्नुपर्ने विशेष शर्तहरूः

१.

२.

३.

..............................सामुदायिक जलचर संरक्षण समूहको विवरणः

सामुदायिक जलचर संरक्षण समूहको क्षेत्र

घर धुरीको संख्याः–

कुल जनसंख्याः–

प्रमाणपत्र दिने अधिकृतको

नामः–

दर्जाः–

दस्तखतः–

मितिः–

द्रष्ट यः– यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।